स्थापना.२०४५सन १९८८ का.जि.द.न.१४९।०५३।०५४

# नेपाल मानव अधिकार संगठन

## Human Rights Organisation of Nepal

केन्दीय कार्यालय, अनामनगर, काठमाण्डौं (Central Office, Kathmandu)

मिति-२०७४/५/१४

## प्रेस विज्ञप्ती

### *सन्दर्भ अन्तराष्ट्रिय वेपत्ता दिवश*

आज अन्तर्राष्ट्रिय वेपत्ता दिवस हो । आजको दिन  सन्सारभर राज्य वा गैर-राज्यद्धारा वेपत्ता पारिएका नागरिक वा व्यक्तिका आफन्तले आफ्ना प्रियजन राज्य वा विद्रोही पक्षले किन र कसरी वेपत्तापारे, र उनीहरुको वास्तविक अवस्था के छ भनेर स्मरण गर्दै सम्वन्धित पक्षलाई जवाफदेही वनाउन दवाव दिने दिन हो ।

नेपालमा पनि सशस्त्र द्धन्दको समयमा १५०० वढी *(तथ्याङ्क यकिन भईनसकेको )* व्यक्ती राज्य र विद्रोहीद्धारा वेपत्ता परिएको तथ्याङ्क छ । राजनीतिक द्धन्दको समाधान , संविधान निमाण र विद्रोही लडाकुको समायोजन भई सक्दापनि वेपत्ताभएका को वारे कुनैपनि विश्वसनीय  पहल भएको छैन । यसका कारण आफ्नो रित, धर्म र परम्परा अनुसार वेपत्ता भएका को कर्म गर्न समेत परिवारजनले पाएका छैनन् ।

हामी यस वेपत्ता दिवसका अवसरमा वेपत्ता नागरिको ववस्था सार्वजनीक गर्न एव सवै पिडितलाई क्षतिपुर्ती र दोषीलाई कानूनको दायरामा ल्याई आँउदा दिनमा कुनै पनि वहानामा वेपत्ता वनाउने क्रम अत्त्य गर्न सम्वन्धित सवै पक्षसमक्ष अपिल गर्दछौं ।

महामुनीश्वर आचार्य
महासचिव